स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म हिट भएर पनि गुमनाम भएका कयैन् कलाकार छन् । त्यसमध्ये एक हुन्, क्रिस्टिना गुरुङ । सफल फिल्मको सिरिज 'प्रेमगीत ३'बाट उनको उदय भयो । यो सिरिजसँग जोडिन पाउनु नै उनका लागि आफैंमा सफलता थियो । नेपालसँगै भारतमा फिल्म रिलिज भएको थियो । फिल्मको चर्चा सानोतिनो भएन । त्यसमाथि अहिलेका 'स्टार नायक' प्रदीप खड्कासँग जोडी बाँधिएको थियो । फिल्म घरेलू बक्स अफिसमा हिट पनि भयो । तर, फिल्म रिलिजपछि क्रिस्टिना गुमनाम छिन् ।

**आजको विचार...**



उत्तरतिर...
(दुई पेजमा)

खगेन्द्रराज सिटौला

पहिलो फिल्म 'ड्रिम्स'बाटै साम्राज्ञी आरएल शाह 'स्टार नायिका'को रुपमा उदाइन् । त्यसपछिका फिल्मपछि उनको स्टारडमलाई बचाउन कुनै फिल्म सक्षम भएनन् । एकातिर लगातार फिल्म असफल हुनु र अर्कोतिर श्रृंखलाबद्ध विवादले उनको क्रेज कमजोर बनायो । भदौमा प्रदर्शनमा आएको फिल्म 'नाङ्गो गाउँ'ले पूरा गरेको छ । तर, ६ वर्षपछि हिट पाउँदा पनि उनलाई 'हर्ष न विस्मात' भनेझैं छ । किनकि, फिल्म सफल हुनुको 'श्रेय' दयाहाङ राई र मिरुना मगरले पाएका छन् । साम्राज्ञीले हिट फिल्मको सदस्यको रुपमा मात्र चित्त बुझाउनु परेको छ ।



❒ वर्ष २९ ❒ अंक ८४ ❒ २०८० असोज २२ गते सोमबार 9 October 2023, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आगलागीबाट १४ को मृत्यु

(रासस/सिन्हुवा)

**नयाँदिल्ली,** असोज २१ /भारतको दक्षिणी राज्य कर्नाटकस्थित पटका पसलमा आइतबार आगलागी हुँदा कम्तीमा १४ जनाको मृत्यु भएको छ । उक्त घटनामा कैयौं व्यक्ति घाइते भएको स्थानीय प्रहरीले जनाएको छ । कर्नाटक राज्यको राजधानी बेङ्गलोरको एटिबेल क्षेत्रमा आगलागी भएको र घाइतेलाई उपचारका लागि स्थानीय अस्पतालमा भर्ना गरिएको प्रहरीले जनाएको छ ।

मृत्यु हुनेमा अधिकांश पसलका कर्मचारी रहेको समेत प्रहरीले जानकारी गराएको छ । पसल मालिक तथा जग्गा मालिकलाई अग्नि सुरक्षा मापदण्ड पूरा नगरेको आरोप लागेको छ । 'प्रारम्भिक अनुसन्धानमा घटनापछि प्रहरी हिरासतमा रहेका पसल मालिकको लापरबाहीका कारण उक्त दुःखद् दुर्घटना भएको देखिन्छ', मुख्यमन्त्री सिद्धारमैहाले पत्रकार सम्मेलनमा बताए । उनले दुर्घटनास्थलको भ्रमणपछि सञ्चारकर्मीसँग भने,'वास्तवमा के भएको थियो हामीलाई थाहा छैन, तथापि, हामीलाई पसलमा आवश्यक कुनै सुरक्षा मापदण्ड अपनाइएको थिएन भन्ने जानकारी मिलेको छ । पसलको हालसालै अनुमतिपत्र नवीकरण गरिएको छ । पसलमा आगो निभाउने यन्त्र फेला परेको छैन । यो पसल मालिकको पूर्ण लापरबाही हो ।' घटनाको अनुसन्धान गर्न सीआईडीलाई आग्रह गरिएको पनि उनले जानकारी गराए । मृतकमध्ये केहीको सनाखत हुन बाँकी रहेको पनि उनले बताए । 'घटनामा १४ जनाको मृत्यु भएको छ र ती सबै तमिलनाडूका हुन्, तीमध्ये अधिकांश विद्यार्थी छन् । उनीहरू आफ्नो शिक्षाका लागि पैसा कमाउन यहाँ काम गरिरहेका थिए,' मुख्यमन्त्री सिद्धारमैहाले भने । कर्नाटकका उपमुख्यमन्त्री डीके शिवकुमारले पनि आइतबार घटनास्थलको निरीक्षण गरेका छन् ।

सन्दर्भ : हुलाक दिवस

# जाग्दै पाल्पा हुलाक, १४ महिनामा १६ हजार बढी चिठी-पत्र दर्ता

रामचन्द्र रायमाझी

**पाल्पा,** असोज २१/घर छोडेर सहर पसेका वा धन कमाउन प्रदेश पुगेका आफन्तको खबर पाउन कुनै समय कि हुलाकी कुर्नु पर्थ्यो कि त आकासवाणी (आवा) । अब न हुलाकीको समय छ न त आवाको । समयले कोल्टे फेरेको छ । दशकअघिसम्म पनि एकबाट अर्को ठाउँमा सन्देश पठाउँदा चिठी-पत्रकै प्रयोग बढी हुन्थ्यो । त्यसभन्दा अघि टाढा रहेका मानिसलाई सम्पर्कमा जोड्ने काम चिठी-पत्रले मात्रै गर्थ्यो । यसबाहेक अरू केहीले पनि गर्दैन थियो । तर अहिले जमाना बदलिएको छ । टेलिफोनलाई समेत पछि छोड्दै सूचना आदान-प्रदानमा इमेल, इन्टरनेट, भाइबर, स्काइप, फेसबुक, ट्वीटर, वि-च्याट, वाट्स एप्सको प्रयोग ह्वात्तै बढेको छ । जसले हुलाकको अस्तित्व संकटमा परिरहेको छ भने अर्कोतर्फ यसको काम पनि अघि बढिरहेको छ ।

विगतका समयमा व्यक्तिगत तथा पारिवारीक चिठीले भरिभराउ हुने पाल्पा जिल्ला हुलाक कार्यालयमा अहिले संघसंस्था र केही कार्यालय वा सदरमुकामबाट निस्कने पत्रपत्रिकाले भने भरिभराउ छन् । संघसंस्था, कार्यालयका दिनहुँ सयौं चिठी-पत्र आउने गरेका छन् । विगत दुई/तिन वर्ष ठप्प जस्तै भएका यी चिठी-पत्र अहिले भने ठूलो संख्यामा आउने गरेको हुलाकले जनाएको छ । मोबाइल फोन विस्तारले तिब्रता लिएसँगै इमेल, इन्टरनेट,




फेसबुक, म्यासेन्जर सहित सामाजिक सञ्जालको प्रयोग बढेपछि पछिल्लो समय हुलाकमा व्यक्तिगत चिठीपत्र आउन छाडे पनि कार्यालयका चिठी-पत्रको व्यवस्थापन गर्न भने कर्मचारीलाई हम्मे हम्मे भएको छ । यहाँ गत वर्षको साउन १ गतेदेखि चालु आर्थिक वर्षको भदौ मसान्तसम्म १६ हजार ४ सय ९७ चिठी-पत्र दर्ता भएका छन् । जिल्ला हुलाक कार्यालयका सूचना अधिकारी टंक भण्डारीका अनुसार आर्थिक वर्ष २०७९ साउन १ देखि २०८० असार मसान्तसम्म १५ हजार ५ सय ५७ चिठी-पत्र दर्ता भएका छन् । त्यस यता भदौ मसान्तसम्म ९ सय ४० चिठी-पत्र दर्ता भएको भण्डारीले जानकारी दिए । उनले भने' पछिल्लो समय व्यक्तिगत र पारिवारीक चिठी आउन छाडे पनि प्रमाणहरु पेश गर्नुपर्ने चिठी, वित्तिय संघ संस्था र स्वदेश तथा विदेशमा पठाउनुपर्ने पाठसलहरु दिनहुँ आउने गर्दछन् ।' हुलाकले अघिल्लो आर्थिक वर्ष ७ हजार ७ सय २४ चिठी-पत्र निर्यात गरेको छ भने ७ हजार ३ सय १४ आयात गरेको छ । सोही अवधिमा हुलाकले ९ हजार ५ सय ७५ चिठी-पत्र जिल्लामै दर्ता गरी वितरण गरेको छ । टिकट विक्रीबाट मात्र हुलाकले एक वर्षमा ११ लाख ७३ हजार ८ सय ६० राजस्व संकलन गरेको छ ।

**पोष्ट बक्स ३ वटामा सिमिति**

कुनै समय निकै लोकप्रिय रहेको हुलाकको 'पोष्ट बक्स सेवा' पछिल्लो समय प्रयोग घट्दो छ । पाल्पा हुलाक कार्यालयमा १५/१६ प्रयोगकर्ताका पोष्ट बक्स रहे पनि अहिले ३ वटामा मात्र सिमित रहेको सूचना अधिकारी टंक भण्डारीले बताए । अहिले युनाईट मिसन अस्पताल, तानसेन नर्सिङ्ग स्कूल र लुम्बिनी मेडिकल कलेज प्रभासले मात्रै पोष्ट बक्स प्रयोग गर्ने गरेका छन् ।

**को हो पोष्ट बक्स नम्बर सेवा ?**

हुलाकले इच्छुक सेवाग्राही (व्यक्ति वा संस्था) को नाममा एउटा पोस्ट बक्स नम्बर दिन्छ । कार्यालयमा सोही नम्बर लेखिएको बक्स राखिदिन्छ । उक्त व्यक्ति वा संस्थाको नाममा आएका चिठीपत्र तथा अन्य सामान त्यही बक्समा जम्मा हुन्छ । यस्तो बक्सको साँचो प्रयोगकर्ता र हुलाक कार्यालयसँग हुन्छ । सम्बन्धित सेवाग्राहीले आफूले इच्छाएको वेला बक्सबाट सामान निकाल्न सक्छ । विगतमा यस्तो सेवा निकै लोकप्रिय थियो ।

**हुलाक बचत बैंकका खाता र दायित्व वाणिज्य बैंकमा**

हुलाक बचत बैंकको खाता राष्ट्रिय वाणिज्य बैंकमा हस्तान्तरण गरिएको छ । आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटमार्फत सरकारले हुलाक बचत बैंक खारेज गर्ने व्यवस्था गरेसँगै त्यहाँको खाता हस्तान्तरण गरिएको हो । सोही व्यवस्था अनुसार बैंकका खातावालाको कुल दायित्व र ऋणीको ऋण रकम राष्ट्रिय वाणिज्य बैंकमा हस्तान्तरण गरिएको सूचना अधिकारी भण्डारीले बताए । हुलाक सेवा एकदमै पुरानो सेवा हो । जतिबेला सूचना तथा जानकारी आदान प्रदान गर्ने साधन केही थिएन् त्यतीबेला हुलाक सेवाका माध्यमले मानिसलाई सहजता प्रदान गरेको थियो । नेपालमा विक्रम सम्वत् १९३५ मा नेपाल हुलाक घरको नामबाट स्थापना भई हुलाक सेवा प्रारम्भ भएको थियो । हुलाक सेवाको प्रमुख काम भन्नु नै चिठीपत्र एक ठाउँदेखि अर्को ठाउँसम्म पुऱ्याउनु हो । आज टेलिफोनको माध्यमबाट तुरुन्तै सन्देश संप्रेषण गर्न सकिन छ । -बाँकी अन्तिम पेजमा

## 'गुटबन्दी अन्त्यका लागि जनताबाटै नेतृत्व चुनिनुपर्छ'

**रामपुर (पाल्पा),** असोज २१/नेपाली काँग्रेसका युवा नेता तथा केन्द्रीय सदस्य प्रदीप पौडेलले गुटबन्दी अन्त्यका लागि जनताबाटै नेतृत्व चुनिनुपर्ने बताएका छन् । नेपाली काँग्रेस रामपुर नगरपालिका पाल्पाको प्रथम नगर सम्मेलनलाई रामपुरमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

नेता पौडेलले जनताबाटै नेतृत्व चयन गर्ने व्यवस्था लागू भयो भने मात्र पार्टीभित्र हुने गुटबन्दीको अन्त्य हुने धारणा व्यक्त गरे । उनले भने, 'देशको महत्वपूर्ण कालखण्डमा नेतृत्वदायी भूमिका निर्वाह गरेको काँग्रेस पार्टी अहिले काँग्रेसको पहिचानभन्दा पनि काँग्रेसभित्र गुटको पहिचान रहेको छ । नेपाली समाजको पार्टी रहेको काँग्रेस प्रतिस्पर्धामा खुला ढङ्गले उत्रनुपर्छ ।' नेता पौडेलले पार्टीका आम कार्यकर्ताले चुनेको मतदान गरेर चुनावमा उठ्न योग्य व्यक्ति मात्रै



उम्मेदवार हुन पाउनुपर्ने बताए । उनले काँग्रेसका सबै कार्यकर्ताले अब आृनो केन्द्रीय सभापति आफैं चुन्न खोजे त्यही अनुसारको व्यवस्था गर्न सक्नुपर्ने बताए । उनले भने,' यसको मतलब पार्टीलाई मासवेस पार्टीमा रूपान्तरण गर्नुपर्छ । यो क्याडरवेस पनि पार्टी होइन, हामीले व्यवहार जुन गरिरहेका छौं ।' काँग्रेसलाई 'मासवेस' बनाउने की 'क्याडर वेस' भन्ने विषय सोच्ने समय आएको बताउँदै पौडेलले भने, 'दुई प्रकारको सदस्यता राखेर काँग्रेसलाई मास बेस पार्टी हुन दिईरहेको छैनौं । काँग्रेस बनाउने हो भने नेपाली काँग्रेसलाई मासवेस पार्टी बनाउनु पर्छ ।' काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले वर्तमान प्रविधिको युग रहेकाले बोलेकै भरमा राजनीति नहुने बताए । उनले समाजको समस्या समाधान मुख्य कुरा भएको भन्दै अब पार्टी जनताको सेवामा समर्पित हुनुपर्ने धारण व्यक्त गरे । सभापति श्रेष्ठ जिल्लाका सबै वडा र पालिकामा भेला सम्पन्न गरिसकेको जानकारी गराउँदै पार्टीमा योगदान गरेका जेष्ठ सदस्यलाई सम्मान, पार्टी सुदृढीकरण, सामाजिक कार्य र हितका विभिन्न कार्यमा पार्टीले महत्वपूर्ण काम गरेको बताए । काँग्रेसका लुम्बिनी प्रदेश सदस्य कृष्णप्रसाद अधिकारीले पार्टीलाई विधान अनुसार अगाडि बढाउनु अहिलेको आवश्यक रहेको धारणा व्यक्त गरे । अर्का प्रदेश सदस्य विष्णु माया ढकालले चुनावका समयमा गरेका घोषणा पूरा गर्दै परिस्कृत ढंग बाट अघि बढ्नुपर्नेमा जोड दिइन् ।

*(...बाँकी अन्तिम पेजमा)*

## सदस्यता नवीकरण सम्बन्धी जरुरी सूचना

पाल्पा उद्योग वाणिज्य संघको सदस्यता लिनु भएका सम्पूर्ण सदस्यहरुलाई आ.व. २०८०/०८१ को आफ्नो सदस्यता नवीकरण यही २०८० आश्विन मसान्त भित्र गर्नु हुन अनुरोध गरिन्छ । सो अवधी पछि नविकरण गर्नको लागि विधान बमोजिम विलम्ब शुल्क रु.२५ लाग्नेछ । २०८० चैत्र मसान्तसम्म पनि सदस्यता नवीकरण नभएमा विधान बमोजिम सदस्यता खारेज हुने व्यहोरा जानकारी गराइन्छ ।

सदस्यता नवीकरण शुल्क तपसिल बमोजिम रहेको छ ।

| | |
|---|---|
| साधारण सदस्यको लागि | रु.७७५।- |
| एशोसियट सदस्यको लागि | रु.१४००।- |
| वस्तुगत सदस्यको लागि | रु.१९००।- |

अनुरोधक

**पाल्पा उद्योग वाणिज्य संघ**

भगवतीस्थान, तानसेन, पाल्पा

सम्पर्क नं. : ०७५-५२०१३३, ५२११६४

मोवाइल नं. : ९८५७०६८३२५

ईमेल : palpachamber@gmail.com

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## हुलाक दिवसको सन्दर्भ

आज विश्व हुलाक दिवस । विश्वभर सूचना सन्देश प्रवाह गर्ने विश्वव्यापी संस्थाका रुपमा हुलाकलाई लिइन्छ । विश्वभरका मानिसहरुबीच आपसी सद्भाव एवं भाइचारा वृद्धि गर्न सूचना तथा सञ्चारको आवश्यकता महसुस गर्दै सामाजिक आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले विश्व हुलाक संघको सन् १८७४ अक्टोवर ९ मा स्थापना भएको हो । नेपालले भने उक्त संघको सन् १९५६ मा सदस्यता लिएको थियो । सदस्यता लिएकै वर्षदेखि नेपालमा पनि हुलाक दिवस मनाउन थालिएको हो । सञ्चारको प्रारुपको शुरुवात हुलाकबाट शुरु भएको हो । मुग्लान अथवा शहर गएका परिवारका सदस्यहरुले घरमा र घरकाले उनिहरुसँग कुरा गर्न हुलाकको प्रयोग गर्दथे । हुलाकी अथवा हलकाराहरुको सम्मान गाउँमा बेग्लै हुन्थ्यो । धेरै परसम्म चिठी र खबर पुऱ्याउन धेरै जना हुलाकीहरुले आफ्नो जीवनकाल नै विताएका छन् । आज उनीहरुको सम्झना गर्ने दिन पनि हो । गाउँघरमा राती बस्दा हुलाकीहरुलाई विशेष ग्राहयता दिइन्थ्यो अनि उनीहरु त्यतिबेलाको समयका रेडियो, टिभी, इन्टरनेट भनेको उनीहरु नै थिए । धेरैजसो मुलुकहरुले आफ्नो हुलाक सेवालाई आधुनिकीरण गरी जनतालाई छिटो र छरितो हुलाक सेवा प्रदान गरिरहेका छन्, तर कमजोर सरकारी संयन्त्रका कारण हुलाक सेवाप्रति आमजनताको विश्वास घटेर गएको छ ।

विगतमा सूचना र सञ्चारको संवाहका रुपमा रहेको हुलाक सेवालाई थप प्रविधि मैत्री बनाउन सकिएन भने हुलाकको सेवा थप संकटमा पर्ने निश्चित छ । प्रविधि र समयको माग अनुसार चल्न नसक्दा नेपालको हुलाक सेवाप्रति सर्वसाधारणको आकर्षण घट्दो छ । हुलाक सेवालाई समय सापेक्षा रुपमा परिमार्जन गर्नु अहिलेको आवश्यकता हो । विश्वमा हुलाकले उच्चस्तरीय सेवा प्रदान गरे पनि नेपालमा आवश्यकतानुसार चल्न नसक्दा सेवा प्रभावकारी हुन नसकेको हो । अहिले हुलाकको काम सरकारी कागजातहरु ओसारपसार गर्ने र केही कुरियर सेवा दिनुमा सीमित बन्न पुगेको छ । यो अत्यन्त दुखको कुरा हो । सरकारले हुलाक सेवालाई थप परिष्कृत र प्रभावकारी बनाउने दिशामा सोच्न जरुरी छ । यसो भयो भने मात्र हुलाक सेवा दिगो र प्रभावकारी बन्न सक्छ । यसर्थ हुलाक दिवसको अवसरमा यसको सेवालाई समेत प्रभावकारी बनाउन सके दिवसले सार्थकता प्राप्त गर्दछ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्न पुग्दछ ।

### Opinion @ Social Network


शत्रुले आफुतिर हानेको ढुङ्गा बटुलेर घर बनाउने क्षमता राख्नुहोस्
जिन्दगीले आफैं काचुली फेर्नेछ...।
*(निर्मला रानाको फेसबुक स्टाटस https://www.facebook.com/Nirmala.rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# उत्तरतिर बाटो खोल, ह्लासादेखि लुम्बिनी जोड



**खगेन्द्रराज सिटौला**

*नेपालका राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले अघि सारेको उत्तरतिर रास्ता खोल्ने सोचलाई उनका दशौं पुस्ताका उत्तराधिकारी राजा महेन्द्रले चीनको सहयोगमा कोदारी राजमार्ग निर्माण गराएर साकार गराएका थिए । कोदारीको औपचारिक नाम अरनिको राजमार्ग राखेको यो राजमार्ग बन्न नदिन राजा महेन्द्रलाई नेपालको दक्षिण छिमेकी तथा पश्चिमा शक्ति समेतले निकै ठूलो दबाब दिएका थिए । तर राजा महेन्द्रले त्यस्ता दबाबहरुलाई कति पनि महत्व नदिइ नेपालको राष्ट्रिय हितलाई मात्र महत्व दिएर पृथ्वीविचारको उत्तरतिर रास्ता खोल्ने सोचलाई व्यवहारमा उतारेरै छोडे । तर त्यसपछि नेपालको राष्ट्रिय आवश्यकता हुँदा हुँदै पनि अरु धेरै उत्तरतिरका नाकाहरुमा रास्ता बढाउने सवालमा नेपालका नेताहरुको ध्यान दृष्टि पुगेको पाइएन । यतिबेलासम्म उत्तरतिरका धेरै नाकाहरुमा नेपाल चीन जोड्ने धेरै फराकिला राजमार्गहरु बनिसक्नु पर्ने थियो ।*

पृथ्वीनारायण शाहले उत्तर छिमेकीसँग बाटोले जोडिन पहिलो प्राथमिकता दिएका थिए । उनले बलियो नेपालको आधार उत्तर दक्षिणको बाटोलाई देखेका थिए । किन पृथ्वीनारायण शाहले उत्तरतिर बाटो जोड्ने विषयलाई पहिलो प्राथमिकतामा राखे होलान् घोत्लनु र विश्लेषण गर्नुपर्ने भएको छ । पक्कै पनि उनले व्यापार र सुरक्षालाई नै ध्यानमा राखेर उत्तर छिमेकीसँग जति सक्दो धेरै बाटाहरुबाट जोडिन चाहेको देखिन्छ । दक्षिण छिमेकसँग उनी विश्वस्त हुन सकेका थिएनन् । त्यसबेला दक्षिणमा अंग्रेजले आफ्नो उपस्थिति बलियो बनाउँदै लगेको थियो । भारतका अनेक राज्यहरुलाई कब्जा जमाउँदै थियो । तसर्थ उसले नेपाललाई पनि कब्जा जमाउन सक्छ भन्ने शंका पृथ्वीनारायणमा थियो । उनले दक्षिणको समुन्द्र पारिको अंग्रेज भन्दा रैथाने चिनियाँलाई भरपर्दो मित्र ठानेको देखियो । यसको पुष्टि भने उनको उत्तरको छिमेकीसँग बलियो घाहा यानि सन्धी सम्बन्ध राख्नु भन्ने भनाइले गर्दछ । यही पृष्ठभूमिमा पृथ्वीनारायण शाहले नेपालको समृद्धि, व्यापार र सुरक्षालाई दीर्घकालीन रुपमा सुदृढ, सुरक्षित र सुनिश्चित बनाइराख्न उत्तर छिमेकसँगको सम्बन्धलाई विशेष जोड दिएको देखिन्छ । साथै यसको निरन्तरतालाई कायम राख्ने विषयलाई पनि त्यतिकै ध्यान दिएको देखिन्छ । यो पृथ्वीनारायणले तय गरेको नेपालको उत्तर छिमेक नीति हो ।

यसको आवश्यकता र महत्वलाई मूल्यांकन गर्दा खेरि पृथ्वीनारायण शाहलाई व्यवहारिक तथा दूरदर्शी नेताको रुपमा समेत देख्न सकिन्छ । यसबाट यो पनि भन्न सकिन्छ कि पृथ्वीनारायण शाहले नेपालको अस्तित्व र भविश्य धेरै परसम्म देखेका छन् । अर्थात् अमर नेपाल देखेका छन् । नेपालाई अमर राख्न उनले उत्तरतिर धेरै ढोकाहरु खोलेर नेपाललाई सुरक्षित राखिरहन बल पुग्ने उनको विश्लेषण या ठम्याई यथार्थमा आधारित देखिन्छ । त्यसैले उनले उद्घोष गरे "पुरुब पछिम्का रस्ता बन्ध गरी नेपालको रस्ता चलाई दिउँला" । पृथ्वीनारायण शाहको उत्तरतिर रास्ता खोल्ने सोच नेपाल चीन र चीनको स्वशासित क्षेत्र तिब्बत सम्बन्ध, सम्पर्क, व्यापार तथा सुरक्षा लगायत सबै हिसाबले कति लाभदायक छ भन्ने उदाहरण कोदारी राजमार्गले जाहेर गरिरहेको छ । यो राजमार्गको स्थापनाले एकितिर नेपाल चीनको व्यापारमा व्यापक वृद्धि भएको छ भने अर्कोतिर एकपक्षीय रहेको नेपालको दक्षिण छिमेकसँगको व्यपारलाई केहीहदसम्म दुइपक्षीय पनि बनाएको छ । साथै उत्तरतिर बनेको यो राजमार्गको कारणले नेपालले बढी सुरक्षित भएको महशुस समेत गरेको छ । नेपालका राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले अघि सारेको उत्तरतिर रास्ता खोल्ने सोचलाई उनका दशौ पुस्ताका उत्तराधिकारी राजा महेन्द्रले चीनको सहयोगमा कोदारी राजमार्ग निर्माण गराएर साकार गराएका थिए । कोदारीको औपचारिक नाम अरनिको राजमार्ग राखेको यो राजमार्ग बन्न नदिन राजा महेन्द्रलाई नेपालको दक्षिण छिमेकी तथा पश्चिमा शक्ति समेतले निकै ठूलो दबाब दिएका थिए । तर राजा महेन्द्रले त्यस्ता दबाबहरुलाई कति पनि महत्व नदिइ नेपालको राष्ट्रिय हितलाई मात्र महत्व दिएर पृथ्वीविचारको उत्तरतिर रास्ता खोल्ने सोचलाई व्यवहारमा उतारेरै छोडे । तर त्यसपछि नेपालको राष्ट्रिय आवश्यकता हुँदा हुँदै पनि अरु धेरै उत्तरतिरका नाकाहरुमा रास्ता बढाउने सवालमा नेपालका नेताहरुको ध्यान दृष्टि पुगेको पाइएन । यतिबेलासम्म उत्तरतिरका धेरै नाकाहरुमा नेपाल चीन जोड्ने धेरै फराकिला राजमार्गहरु बनिसक्नु पर्ने थियो । यस्ता उत्तरका फराकिला राजमार्गहरु नेपालको यातायतको मेरुदण्ड मानिएको पूर्वपश्चिम याने महेन्द्र राजमार्गसंग जोडिएको हुनुपर्ने थियो । राज्यको यतातिर ध्यानै गएन । पृथ्वीविचारबाट उठेको उत्तर दक्षिणको रास्ताको सोच नेपालको राष्ट्रिय आवश्यकता हो भन्ने यथार्थता बुझ्दै यसलाई तीब्र गतिमा बढाउनु र फैलाउनु पर्दछ ।

नेपाल तिब्बत जोड्ने रास्ताहरु नेपालका लागि व्यापारिक हिसाबले मात्र होइन कि नेपालको सुरक्षाको हिसाबले पनि त्यतिकै महत्वपूर्ण छ । यस्ता रास्ताहरु हरेक नाकाहरुमा बनाउनु पर्दछ र दुबै देशका धेरै परसम्म बढाउनु पर्दछ । राजा महेन्द्रपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले कोदारी बाहेक अन्य थप ५ वटा नाका खोल्ने सम्झौता गरेर पृथ्वीविचारको उत्तरतिर रास्ता खोल्ने दिशामा नेपाललाई थप अघि बढाएका थिए । नेपाल चीन सम्बन्धलाई बलियो बनाउने गिरिजाप्रसाको यो कामलाई सकारात्मक रुपले मूल्यांकन गर्नु पर्दछ । यसले नेपालको सुरक्षा र व्यापारलाई बलियो बनाउन सकारात्मक योगदान दिन्छ । तर सम्झौताहरु कार्यन्वयनमा आउनु पर्दछ । गिरिजाप्रसाद पछि पृथ्वीविचारले अघि सारेको उत्तर छिमेक नीतिमा नेपाललाई अघि बढाउने काममा प्रधानमन्त्री केपी ओलीले अर्को महत्वपूर्ण तथा ऐतिहासिक काम गरेका छन् । त्यो भनेको केपी ओली सरकारले चीनसँग गरेको पारवहन सम्झौता हो । जुन सम्झौताले पृथ्वीविचारको बाटोमा अघि बढेर राजा महेन्द्रले चीनको सहयोगमा स्थापना गराएको कोदारी राजमार्गलाई तन्काएर चीनतिरका समुन्द्रमा जोडाएको छ । यसले भूपरिवेष्ठित अझ भारत परिवेष्ठित नेपाललाई त्यो बन्धनबाट मुक्त गराएको छ । आफ्ना रणनीतिक स्वार्थ पूरा गराउन नेपाललाई बाध्य पार्ने उद्देश्यले भारतले बारम्बार लगाउने नाकाबन्दीको हतियारलाई यो पारवहन सम्झौताले कमजोर वा भुत्ते गराइदिएको छ । यसले चीनतिर नयाँ संभावनाको ढोका खोलिदिएको छ । कोदारी राजमार्ग मात्र नभएर उत्तरतिरका सबै नाकाहरुले समुन्द्रसम्म जोडिन र ठोकिन पाएका छन् । राजा महेन्द्रको पालामा बनेको कोदारी राजमार्ग होस् या गिरिजाप्रसादको पालामा खोलिने सम्झौता भएका उत्तरतिरका नाकाहरु नै किन नहुन् ति सबैलाई केपी ओलीले गरेको पारवहन सन्धीले समुन्द्रसम्म जोडाइदिएको छ । चीनसँगको पारवहन सम्झौता नेपालको लागि ऐतिहासिक सम्झौता हो । तर यसलाई कार्यन्वयनमा ल्याउन नेपालले थप पहलकदमी लिनु पर्दछ । नेपालले अपेक्षित सकृयता देखाएको छैन । चीनसँगको ऐतिहासिक पारवहन सन्धीलाई कागजबाट व्यावहारमा लगेपछि मात्र यसको ऐतिहासिक दर्जाले सार्थकरुप लिएको मानिने छ । नत्र हात्ती आयो हात्ती आयो फुस्सा हुन बेर लाग्दैन । पारवहन सन्धीको अलावा केपी वली सरकारले चीनसंग नेपालले रेलबाट पनि जोडिने सम्झौता गरेको छ । यो पनि नेपालको पृथ्वीविचारको उत्तरतिर रास्ता खोल्ने दिशाको महत्वपूर्ण कदम हो । चीनको ह्लासादेखि लुम्बिनीसँग रेलले जोडिनु आध्यात्मिक तथा पर्यटकीय वा आर्थिक हिसाबले पनि धेरै महत्व राख्दछ । यसले चीनका अझ खाशगरी तिब्बतका वौद्धमार्गीहरुलाई भगवान गौतम बुद्ध जन्मेको लुम्बिनीमा आउन धाउन रमाउन पूजाआजा गर्न घुम्न सबै किसिमले सुगम बनाएर लैजान्छ । तसर्थ एक स्वरले भन्नुपर्छ उत्तरतिर बालो खोल ह्लासादेखि लुम्बिनी जोड । भगवान गौतम बुद्ध जन्मेको नेपालको लुम्बिनी तिब्बत ह्लासाको मात्र नभएर भारत गयाको पनि केन्द्र बन्न सक्छ । लुम्बिनीले लासा र गयालाई जोड्न सक्छ । चीन रेल लिएर लुम्बिनी आउ भारत रेल लिएर लुम्बिनी आउ बुद्धको माटोमा उभिएर त्रिदेशीय मित्रताको झण्डा फहराऔं । यसको सबै किसिमले महत्व धेरै छ । यद्यपी चीनसँग रेलको बाटो तय भइसकेको छैन । भविश्यमा यसरी जोडिन पनि सक्ला । जुन क्षेत्रमा जोडिए पनि जे साधनले जोडिए पनि यसले नेपालाई हानी छैन फाइदा मात्रै छ । चीनको ओविओआर यानि वान बेल्ट वान रोड अर्थात बीआरआइसँग नेपालले जोडिनलाई सहमति जनाइसकेको छ । यो पनि सकारात्मक पक्ष हो । यसबाट पनि नेपालले लाभ लिन सक्नुपर्दछ । यसबाट नेपाल पछि हट्नु हुँदैन । यो बाटो पृथ्वीविचार कै पाटो हो । यो पृथ्वीनारायण शाहले उत्तर छिमेकसँग घनिष्ठ सम्बन्ध बनाउनुको रचनात्मक पाटो पनि हो । नेपालले चीनसँग गरेका यस्ता सम्झौताहरुलाई जति सक्दो छिटो कार्यान्वयनमा लैजानु पर्दछ । चीनसँग नेपालले सधै तीनवटा "ब" बाट जोडिइरहनु पर्दछ । तीनवटा ब भनेका विश्वास, बाटो र ब्यापार । यी तीनवटै बलाई नेपालले कहिल्यै बिगार्नु हुँदैन । बाटो भनेको अकासको बाटो पनि हो,धर्तीको बाटो पनि हो र त्यो भन्दा ठूलो विश्वास, सहयोग र मित्रताको बाटो हो । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले उत्तरको वादशाहसँग बलियो घा राख्नु भनेर त्यसै नसोची बोलेका थिएनन् । यसमा उनको कुटनीति पनि छ, रणनीति पनि छ र सुरक्षा नीति पनि छ । यो नेपालको निरन्तर सर्वकालिन रणनीति भइरहनु पर्दछ ।


***-डिसी नेपाल डटकम***

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७ |
| बुटवल ०७१–५४०२२२ | भिमअस्पताल भैरहवा ०७१–५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९–५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१–५४००८१ |
| बुटवल रामनगर ०७१–५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३ | कान्तिपुर डेण्टल हस्पिटल ०७१–५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१ |
| भैरहवा ०७१–५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७–५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१ | रामपुर अस्पताल: ०७५–४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९–५२०१९९ | पिचन्द्र परासी ०७८–५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८–५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१–५२०२६५ | रोटरी क्लब बुटवल ०७१–५४४६०० | बनगाई क्लब बनगाई ०७६–६९०१०२ |
| तौलिहवा ०७६–५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७ | लियो क्लब अफ बुटवल ०७१–५४५८९३ | रेडक्रस देवदह ०७१–५७७०९९ |
| पाल्पा ०७५–५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८ | रेडक्रस भैरहवा०७१–५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४० |
| इप्राका रामपुर ०७५–६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२०० | रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५० | परासी ०७८–५२०१२५ | न्यु एकता क्लव तानसेन : ०७५–५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१–५४६४३२ | रेडक्रस पाल्पा ०७५–५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६–५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सम्मान र प्रतिष्ठा प्राप्त हुनसक्छ। परोपकारका क्षेत्रमा लगानीको समय छ। | **तुला** : कार्य सम्पादनमा सहजता मिल्नेछ। वैदेशिक कमहरू आगाडि बढ्नेछ । |
| **वृष** : कामका अवसर फेला पर्नेछन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । | **वृश्चिक** : सहयोगी र नातागोताको साथ मिल्नेछ । वैदेशिक काम पनि बन्न सक्छ। |
| **मिथुन** : आफ्नो प्रयासबाट दीर्घकालिक फाइदा पुग्नेछ । मनमा शान्ति छाउनेछ। | **धनु** : सामाजिक कार्यमा सफलता मिल्नेछ। सहयोगीहरूको राम्रो साथ पनि मिल्नेछ। |
| **कर्कट** : मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ। | **मकर** : मान सम्मान पाइनेछ । दाम्पत्य जीवनमा मधुरता छाउनेछ । |
| **सिंह** : बोलीको प्रभाव बढ्नेछ । नयाँ कामको थालनी पनि हुनेछ । | **कुम्भ** : समयमा सही निर्णय लिन सकिनेछ । अध्ययनमा सफलता मिल्नेछ। |
| **कन्या** : धार्मिक कार्य सफल हनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । | **मीन** : अधिकारका लागि संघर्ष गर्नुपर्ला। परिवारमा केही असामान्यता देखिन सक्छ। |



# अन्नपात र गाईभैंसी बेचेर विद्यालय पुनर्निर्माण



म्याग्दीको बेनी नगरपालिका-३ भकिम्लीस्थित जयन्ती माध्यमिक विद्यालय भवन समुदायको अगुवाइमा पुनर्निर्माण गरिएको छ । विकास निर्माणमा सरकारी निकायको मात्रै भर पर्ने परम्परालाई तोड्दै देश तथा विदेशमा छरिएका भकिम्लीवासीले समुदायकै नेतृत्वमा विद्यालय भवन पुनर्निर्माण गरेर जनसहभागीतामूलक विकासको नमूना प्रस्तुत गरेका छन् । विसं २०७२ देखि जयन्ती माविको विद्यालय भवन पुनर्निर्माण अभियान सुरु गरेका भकिम्लीवासीकै नेतृत्वमा अहिले २२ कोठे दुई तले विद्यालय भवन तयार भएको छ । विद्यालय भवनसँगै प्रवेशद्वार, खेलमैदान र प्यारापिट निर्माणसहित विद्यालयलाई घेरावारसमेत गरिएको छ । छरिएर रहेका साना-साना कक्षाकोठा रहेको र जीर्ण बन्दै गएको साविकको जयन्ती माविको अहिले भौतिकस्वरुप फेरिएको विद्यालयका प्रधानाध्यापक भोजबहादुर जिसीले बताए । साँघुरा र पानी चुहिने अवस्थामा पुगेका कक्षाकोठामा पठनपाठन गराउनुपर्ने बाध्यता विद्यालय पुनर्निर्माणसँगै हटेको छ । गाउँका बालबालिकाले सुविधा सम्पन्न र भौतिक पूर्वाधारयुक्त भवनमा बसेर सहजरुपमा पठनपाठन गर्ने अवसर पाएका छन् । विद्यालय भवनका लागि सरकारी निकाय धाउँदा थाकेका स्थानीयवासीले प्रवासीको दरिलो साथ पाएपछि आृनै बलबुतामा विद्यालयको भवन ठडाउने साहस गरेका थिए । “प्रवासमै रहनुभएका स्थानीयवासीले विद्यालय भवन बनाउन सहयोग गर्ने प्रतिबद्धता आएपछि अभियानको थालनी भएको थियो, पछि सरकारी निकाय, सै संस्था र व्यक्तिगत सहयोग पनि जुट्न थाल्यो, अन्ततः अहिलेको यो सुविधासम्पन्न भवन सम्भव भयो”, प्रअ जिसीले भने ।

विद्यालय भवन पुनर्निर्माण गर्न स्थानीयवासीले पनि उत्साहजनक रुपमै जनश्रमदानदेखि नगद सहयोग जुटाएका थिए । प्रवासीले पसिना बेचेको रकम सहयोग गर्दा गाउँलेले घरको अन्नपात र गाईभैंसी बेचेर विद्यालयलाई सहयोग गरेको विद्यालयका शिक्षक अभिभावक सैका अध्यक्ष रत्न जिसीले बताए । समुदायको अग्रसरतामा सै संस्था र सरकारी तवरबाट समेत साथ थपिएको कारण भवन पुनर्निर्माणमा राहत भएको उनको भनाइ छ । भवन बनाउने अभियानमा नगद रु पाँच सयदेखि रु १० लाखसम्म व्यक्तिगत सहयोग गरेको विद्यालयले जनाएको छ । कक्षा १० सम्म पठनपाठन हुने यस विद्यालयमा अहिले एक सय ७६ विद्यार्थी अध्ययनरत छन् । यो सुविधा सम्पन्न भवनमा कक्षाकोठा भवनसहित कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, लाइब्रेरी, कार्यालय र स्टाफ कक्षलगायत विद्यालयको सम्पूर्ण शैक्षिक गतिविधि सञ्चालन हुन थालेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पूर्णबहादुर पुनले बताए । उनका अनुसार, पुनर्निर्माण भएको विद्यालय भवनको एक समारोहका बीच उद्घाटन गर्ने तयारी छ । उद्घाटन कार्यक्रममा विद्यालयलाई सहयोग गर्ने सहयोगदातालाई सम्मान समेत गरिनेछ ।

विद्यालय भवन पुनर्निर्माणमा समुदायका मात्रै दुई सय १२ चन्दादाता छन् । अमेरिका, हङकङ, स्पेन, साउदी अरेबीया, जापानलगायत मुलुकमा रहेका भकिम्लीबासीको अगुवाइमा संकलन भएको सहयोग रकममा सयौँ जनाले हातेमालो गरेका छन् । हिमालयन प्रोजेक्ट बेल्जियम र नेपाल सरकारका विभिन्न निकायले समेत पुनर्निर्माण अभियानमा बजेट उपलब्ध गराएका छन् । विद्यालय भवन पुनर्निर्माणमा करिब रु तीन करोड ५० लाख खर्च भए पनि अहिलेसम्म चन्दादाता, सहयोगदाता, संघ संस्था र सरकारी तवरबाट रु तीन करोड २३ लाख ५५ हजार मात्रै सहयोग जुटेको विद्यालयले जनाएको छ । कूल लागतको आधाभन्दा बढी रकम समुदाय र देश विदेशमा रहेका भकिम्लीवासीकै नेतृत्व र अगुवाइमा जुटाइएको हो । विद्यालयलाई चन्दादातामार्फत थप सहयोग आउने क्रम जारी छ । नेपाल सरकारका विभिन्न निकायबाट रु एक करोड १७ लाख बजेट प्राप्त हुँदा समुदायले व्यक्तिगत चन्दाबाट रु ९५ लाख, विभिन्न संघ संस्थाबाट रु नौ लाख र विभिन्न देशमा रहेका भकिम्लीवासीको नेतृत्वमा रु ६२ लाख सहयोग जुटाएका थिए भने हिमालयन प्राजेक्ट बेल्जियमले रु ३८ लाख सहयोग गरेको विद्यालयले जनाएको छ । पुरानो भवन जीर्ण भएकाले गाउँका सबै सरोकारवाला र प्रवासीबीच बृहत् छलफल गरेर थालिएको अभियानबाट विद्यालयमा सुविधा सम्पन्न भवन बनेको विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष समेत रहेका वडाध्यक्ष पदमबहादुर पुनले बताए । “विसं २०४५ मा बनाइएका साँघुरा भवनमा टिनको छानो चुहिने र पर्खाल भत्कने अवस्थामा पुगेका थिए, समुदायकै अगुवाइमा विद्यालय पुनर्निर्माण अभियान सञ्चालन गरिएको थियो, स्थानीयवासी र प्रवासी भकिम्लीवासीले मन फुकाएर सहयोग गर्नुभयो, सै संस्था र सरकारी तवरबाट पनि अभियानमा हातेमालो भयो, अब जयन्ती मावि भौतिक पूर्वाधारयुक्त बनेको छ, अबको प्राथमिकता विद्यालयको शैक्षिक गुणस्तर सुधारमा केन्द्रीत हुनेछ”, उनले भने । यो विद्यालय भवन पुनर्निर्माणमा मात्रै होइन, विद्यालयको स्थापनादेखि नै भकिम्लीवासीले यस विद्यालयलाई निरन्तर साथ, सहयोग गर्दै आएका छन् । विसं २०१६ पुस १६ गते सत्यमान पुनको नेतृत्वमा गाउँमा यस विद्यालयको थालनी भएको इतिहास छ । विसं २०१७ मा कक्षा १ सञ्चालन गर्ने अनुमति प्राप्त गरेको यस विद्यालयले आजसम्म आइपुग्दा समयको यो खालखण्डमा धेरै आरोह अवरोध, विविध समस्या र चुनौतीलाई सामाना गर्दै अघि बढेको देखिन्छ । तत्कालीन समयमा भकिम्लीको रानीपधेरामा अवस्थित यस विद्यालयलाई स्व नारायण देवी रोकाले एक रोपनी जग्गा विद्यालयलाई उपलब्ध गराएपछि हालको स्थानमा स्थानान्तरण गरिएको थियो । विसं २०२८ मा प्राविबाट निमावि तहमा स्तरोन्नति भएको यो विद्यालयमा २०५१ सालमा महायज्ञ सञ्चालन गरेर विद्यालयलाई माध्यमिक तहमा स्तरवृद्धि गरिएको थियो । लामो समयसम्म निजी स्रोतबाट मावि सञ्चालन गरेको यस विद्यालयमा समुदायले शिक्षकको तलब सुविधा र विद्यालयको भौतिक पूर्वाधारमा स्थापनाकालदेखि नै अतुलनीय योगदान गर्दै आएका छन् । तत्कालीन समयमा पिपलको बोटमुनिको चौतारीबाट पठनपाठन गराउन सुरु भएको यस विद्यालय आजको अवस्थामा पुगेको हो । ***-रासस***

# ‘व्यवस्थापन पढेकालाई रोजगारी दिँदा उद्योगले तालिम दिनुपर्छ’



व्यवस्थापन विषय अध्ययन गरेका जनशक्तिलाई उद्योग तथा कम्पनीले रोजगारी दिँदा व्यवस्थापकीय सीप र तालिम दिनुपर्ने त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका डिन प्राडा डिल्लीराज शर्माले बताएका छन् । पद्मकन्या बहुमुखी क्याम्पसको वाणिज्य व्यवस्थापन संकाय स्नातकोत्तर तह (मास्टर अफ बिजनेस म्यानेजमेन्ट कोर्ष) ले आयोजना गरेको वाणिज्य व्यवस्थाप शिक्षा विषयुको अन्तक्रिया कार्यक्रममा डिन शर्माले सो कुरा बताएका हुन् ।

उनले वाणिज्य व्यवस्थापन पढेका जनशक्तिलाई उद्योगले रोजगारी दिँदा सीप विकासको तालिम दिएर सक्षम बनाउनुपर्ने बताए । कार्यक्रममा महालक्ष्मी विकास बैंकका प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटाले वाणिज्य व्यवस्थापनको अध्ययन गरेका विद्यार्थीले अरुको कम्पनीमा रोजगारी गर्नुभन्दा आफैँ रोजगारको सिर्जना गर्नुपर्ने बताए । उनले व्यवस्थापनमा जोखिम हुने भएकोले जोखिम र निर्णय लिनसक्ने व्यक्ति नै सफल हुने बताए । प्रमुख कार्यकारी अधिकृत देवकोटाले व्यवस्थापनका विद्यार्थीले बजारमा आृनो सामान र आफूलाई चिनाउन सक्ने हुनुपर्ने बताए । पद्मकन्या बहुमुखी क्याम्पस वाणिज्य व्यवस्थापन संकायका प्रमुख सह-प्राध्ययापक अग्निधर पराजुलीले वाणिज्य व्यवास्थापन कार्यक्रमलाई राम्रोसँग अगाडि बढाउने बताए । पराजुलीले राम्रो जानशक्ति उत्पादन गरेर विद्यार्थीलाई उद्योग तथा कम्पनीमा राम्रो स्थानसम्म पुर्याउने बताए । त्यस्तै पद्मकन्या बहुमुखी क्याम्पस प्रमुख जयालक्ष्मी प्रधानले वाणिज्य व्यवस्थापनका लागि आवश्यक पर्ने सबै कुराको व्यवस्थापनमा सहयोग गर्ने बताए । पद्मकन्या बहुमुखी क्याम्पसले गत वर्षदेखि मास्टर अफ बिजनेस म्यानेजमेन्ट कोर्ष सञ्चालन गर्दै आएको छ । पहिलो ब्याच दोस्रो सेमेस्टरमा अध्ययन गर्दैछ । ***-हाम्राकुरा डटकम***

# गुणस्तरीय शिक्षामा मौन शिक्षा ऐन




**डा. कृष्णप्रसाद पौडेल**

आज विद्यालय तहमा अध्ययन गरिरहेका विद्यार्थी भोलिको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत, परिवर्तनका संवाहक साथै राष्ट्रको अमूल्य सम्पत्ति हुन् । आजको विद्यार्थीमा साहस, सिर्जनशीलता, उत्सुकता एवं उच्च आत्मविश्वास भर्न सके मात्र यो समूह भोलि राष्ट्र निर्माणको प्रमुख स्रोत हुनेछ । आजको शिक्षाले भोलिको राष्ट्र निर्माणको समग्र विकास र परिवर्तनको खाका समेत कोर्छ । जुन कुराको सुनिश्चितता राज्यले प्रदान गर्ने गुणस्तरीय शिक्षाले मात्र गर्छ । संविधान जारी गर्दाको समय दुई वर्षभित्रै संघीय शिक्षा ऐन बनाउने कुराले चर्चा पाए पनि आठ वर्षपछि मात्रै यसले सार्थकता पाएको छ । सरकारले १६ साउन २०८० मा मन्त्रिपरिषद्बाट पारित गरेको ‘विद्यालय शिक्षा विधेयक २०८०’ सरोकारवाला संस्था र निकायको चर्को विरोधपछि संसद्मा पेस हुन सकेन । त्यहीबीचमा राष्ट्रपतिले प्रधानमन्त्री पुष्पकमल दाहालसँग शीतलनिवासमा छलफल गर्दै विधेयकको विरोधमा आन्दोलन गरिरहेका निकायको यथोचित सम्बोधन सरकारले तत्काल गर्नुपर्ने बताए ।

राष्ट्रपतिसँगको छलफलपछि प्रधानमन्त्री दाहालले आन्दोलनरत संस्था र निकायसँग कुराकानी गर्न नेपाल सरकारका उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काको संयोजकत्व रहने गरी जिम्मेवारी दिए । सरकारले सरोकारवाला संस्था तथा निकायसँग छलफल गरी आवश्यक परिमार्जन गरिएको विधेयक २०८० भदौ २७ गतेका दिन प्रतिनिधिसभामा दर्ता भयो । संसद्मा दर्ता भएको शिक्षा ऐन, २०८० का विरुद्ध नेपाल शिक्षक महासंघको नेतृत्वमा करिब २०(२२ वटा सरोकारवाला संस्था तथा निकाय असोज ३ गतेबाट राजधानी केन्द्रित आन्दोलनमा होमिने उद्घोष गर्दै आन्दोलन सुरु गरे । यसै बीचमा सरकारले आन्दोलनरत संस्था र निकायसँग दुई चरणमा सहमति गर्‍यो- पहिलो चरणमा उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग ६ बुँदे र दोस्रो चरणमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोक राईसँग पाँच बुँदे ।

आन्दोलनरत संघ तथा संस्थाहरू नेपाल शिक्षक महासंघ, शिक्षक संघ, शिक्षक संगठन, प्याब्सन, एन-प्याब्सन, हिसान, नेपाल राहत शिक्षक संघ, बालविकास शिक्षा, विद्यालय कर्मचारी परिषद्, नेपाल सामुदायिक विद्यालय कर्मचारी, सामुदायिक विद्यालय व्यवस्थापन महासंघ, स्थायी हकहित मञ्च, नगरपालिका महासंघ, गाउँपालिका महासंघ, अभिभावक महासंघ लगायत संस्था तथा निकायले शिक्षा ऐनको केन्द्रमा रहनुपर्ने विद्यार्थी र तिनले पाउनुपर्ने गुणस्तरीय शिक्षाका बारेमा कहीँ कतै बोलेको र बहस गरेको पाइएन । सबैले आ-आफ्नै डम्फु मात्रै फुकिरहे । सरकारले पनि सहमति गर्दा यसका बारमा ध्यानै दिएन । सरकारको ध्यान जति चाँडो शिक्षकको भीड काठमाडौँको बानेश्वर र माइतीघरबाट सम्बन्धित विद्यालयमा पठाउनुमा मात्रै सीमित रह्‍यो । विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० बारे मिति २०८० असोज ९ र १० गते मंगलबारका दिन नेपाली कांग्रेसले पार्टीका सांसद, शिक्षाविद् र सरोकारवालासँग बानेश्वरस्थित संघीय संसद् भवनको ल्होत्से हलमा छलफल गर्‍यो । उक्त छलफलमा विशेषतः ९ गते सरोकारवाला निकायका प्रतिनिधिको कुरा सुन्यो । १० गते विज्ञले आ-आफ्नो धारणा राखे । अन्त्यमा माननीय सदस्यहरूले समेत शिक्षा ऐनका बारेमा अनुत्तरित प्रश्नका बारेमा बोले, जिज्ञासा राखे । अधिकांश सरोकारवाला संस्था तथा निकायका प्रतिनिधिले भोलिको नेपाललाई दिशानिर्देश गर्नुपर्ने शिक्षा प्रणाली र गुणस्तरीय शिक्षाका बारेमा प्रवेश नै गरेनन् । संसद्मा दर्ता भई विचाराधीन रहेको ‘शिक्षा विधेयक, २०८०’ ले हरेक नागरिकलाई संविधानले सुनिश्चितता गरेको गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि देहाय बमोजिमका गुणस्तरीय शिक्षाका सूचकलाई संशोधित शिक्षा ऐनमा समावेश गर्न सकियो भने मात्रै तपाई-हामीले खोजेको समाजलाई रूपान्तरण, आर्थिक विकास र २१औँ शताब्दीको ज्ञान तथा सीप हासिल गरेको नागरिक उत्पादन गर्न सक्नेछ ।

**गुणस्तरीय शिक्षाका सूचक**

सर्वप्रथम गुणस्तरीय शिक्षाका लागि राष्ट्रिय, प्रादेशिक र स्थानीय मानक तय गरिनुपर्छ । यस्तै, गुणस्तरीय शिक्षाको मानकलाई पूर्ति गर्नका लागि देहाय बमोजिमका विषयवस्तुको सुनिश्चितता गर्ने आधार तय गरिनुपर्छ । शिक्षामा पहुँचको सुनिश्चितताका लागि आधारभूत तह र माध्यमिक तहमा हुने विद्यार्थी भर्नादर, लैंगिक समानता, समता र समावेशिता, समान पहुँच, विशेष आवश्यकता भएका विद्यार्थीको व्यवस्थापन लगायत विषय ऐनमै सम्बोधन हुनुपर्छ । शैक्षिक उपलब्धिका लागि विद्यार्थीले हरेक परिच्छेदपश्चात् प्राप्त गर्ने शैक्षिक प्रदर्शन, प्रत्येक कक्षाको मानकीकृत शैक्षिक स्कोर तथा ग्रेड र ग्रेड पदोन्नति तथा स्नातक दरमा समेत समयसापेक्ष परिष्कृत गरिन आवश्यक छ । गुणस्तरीय शिक्षाका लागि प्रभावकारी शिक्षक आवश्यक हुन्छन् । विद्यार्थीले प्राप्त गर्ने ग्रेड तथा सिकाइ उपलब्धिका लागि आवश्यक मात्रामा विषयगतयोग्य शिक्षक, विद्यार्थी-शिक्षक अनुपात, शिक्षकको व्यावसायिक विकास, अन्तर्क्रिया तथा वृत्ति विकास आदिबारे ऐनमै यथेष्ट सम्बोधन चाहिन्छ । समय सान्दर्भिक शिक्षण विधि, शिक्षणमा प्रविधि एकीकरण, स्थानीय संस्कृति र भाषा, समयसापेक्ष पाठ्यक्रम र आवश्यक अध्ययन पुस्तक तथा अन्य सामग्रीले नै सिकाइ प्रभावकारी बन्ने हो, यसतर्फ पनि ध्यान दिइनुपर्छ ।

सिकाइमा मूल्याङ्कन र प्रतिक्रियाको भूमिका विशेष हुन्छ । हरेक परिच्छेदको अन्त्यमा हुने प्रारम्भिक मूल्याङ्कन, त्रैमासिक, अर्ध-वार्षिक र वार्षिक रूपमा गरिएको मूल्याङ्कनका आधारमा गरिएको योगात्मक परिणाम र परिणामका बारेमा सम्बन्धित सरोकारवाला व्यक्ति तथा निकायसँगको निरन्तर प्रतिक्रिया प्रणालीले नै विद्यार्थीले गुणस्तरीय शिक्षा हासिल गर्न सक्छन् । विद्यार्थीमा आलोचनात्मक तथा सकारात्मक सोच र समस्या समाधान गर्ने सीपको विकास गर्न आवश्यक छ । पर्याप्त विद्यालय भवन र फराकिलो तथा सुविधायुक्त कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय, प्रविधिसहितका अन्य सुविधा, खेल मैदान लगायतको व्यवस्थापनले विद्यार्थीको सिकाइमा भूमिका खेल्छ । गुणस्तरीय शिक्षाका लागि अभिभावकको समेत भूमिका रहन्छ । यसका लागि अभिभावक र शिक्षकको सम्बन्ध, जनप्रतिनिधि, अभिभावक र समुदायको सहकार्य आवश्यक हुन्छ । विद्यार्थीलाई रचनात्मक प्रोत्साहन, गोष्ठी, सेमिनारमा विद्यार्थी र शिक्षकको संलग्नताका कार्यक्रमले पनि सिकाइ प्रभावकारी बन्छ । विद्यालय सुशासनमा जोडिएका सम्पूर्ण सरोकारवाला संस्था, निकाय तथा व्यक्तिको नियमित सूचना संकलन, शैक्षिक नतिजाको पारदर्शी रिपोर्टिङ, सूचना सञ्चालित निर्णय प्रणाली, जवाफदेहिता आदिमा विशेष ध्यान दिन आवश्यक छ । शिक्षकका लागि प्रदान गरिने सेवा तथा सुविधा, मान्यताक्रम, व्यावसायिक विकासका अवसर, योगदानका आधारमा प्रदान गरिने कदर तथा सम्मानमा पनि ध्यान दिइनुपर्छ । यस्तै, शारीरिक, भावनात्मक, सामाजिक र आर्थिक सुरक्षाको प्रत्याभूति विद्यार्थीलाई गराइनुपर्छ । यसका लागि सामाजिक रूपान्तरण र आर्थिक विकासका विभिन्न कार्यक्रममा विद्यार्थीलाई संलग्न गराउन सकिन्छ । २१औँ शताब्दीले अंगीकार गरेको बिग डेटा, मेसिन लर्निङ, आर्टिफिसियल इन्टिलिजेन्स जस्ता विषयवस्तुको अध्यापन र प्रयोगात्मक कक्षासहित सूचना प्रविधि र विज्ञानको समेत हस्तान्तरणको सुनिश्चितताले विद्यार्थीमा क्षमता विकास गर्न सकिन्छ । प्रभावकारी शिक्षाका लागि शिक्षकको शिक्षण अनुमति, पाठ्यक्रममा आधारित शिक्षण, सूचना प्रविधिको सीप तथा ज्ञान, विषयगत लेख तथा रचना तयारी तथा प्रकाशन, समय सापेक्ष मूल्याङ्कन प्रणाली पनि आवश्यक हुन्छ । शिक्षण तथा सिकाइको मूल्याङ्कन प्रणाली तय गरी स्थानीय, प्रादेशिक र संघीय सरकारले निरन्तर अनुगमन र मूल्यान गर्नुपर्छ । गुणस्तरीय शिक्षाका लागि आवश्यक पर्याप्त रकमको विनियोजन गर्ने र रकम विनियोजन गर्दा स्थानीय, प्रदेश, संघको हिस्सा बाँडिनुपर्नेमा पनि ध्यान दिइनुपर्छ । शैक्षिक मानक पूरा गर्न स्रोतहरूको प्रभावकारी विनियोजनका साथै वित्तीय व्यवस्थापन महत्त्वपूर्ण हुन्छ, यसका लागि तिनै तहका सरकारले जवाफदेही हुनुपर्छ । परिवर्तित विश्व परिवेश, विज्ञान प्रविधिमा आएको नवीनतम विकासको सन्दर्भ र त्यसले गुणस्तरीय शिक्षामा पार्ने असरका बारेमा तिनै तहका सरकार र यसका सरोकारवाला निकाय समयमै सूचित हुन आवश्यक छ । गुणस्तरीय शिक्षाका सूचकलाई सुनिश्चितता गर्ने पहिलो दायित्व तिनै तहको सरकार र दोस्रो दायित्व शिक्षकको रहन्छ । सरकारले आवश्यकताका आधारमा कानुनको तर्जुमा गर्दै स्रोत र साधनको व्यवस्थापन गर्दछ भने शिक्षकले विद्यार्थीलाई परिवर्तित परिवेश अनुरूपको ज्ञान तथा सीप प्रदान गर्छ । शिक्षकले समयसापेक्ष सीप तथा ज्ञान विद्यार्थीलाई प्रदान गर्न सक्दैन भने आवश्यक शिक्षक व्यवस्थापनका लागि सरकारले समयमै वैकल्पिक प्रणालीका बारेमा सोच्न आवश्यक छ । अन्यथा विचाराधीन शिक्षा ऐन भोलि आइहाल्दा पनि नेपालको शिक्षा प्रणालीमा ‘हात्ती आयो हात्ती आयो फुस्सा’ भने जस्तो मात्र हुनेछ । ***-रातोपाटी डटकम***

# बालमैत्री गाउँपालिका बन्ने बाटोमा तिनाउ

**कृष्ण पोखरेल**



**पाल्पा,** असोज २१/जिल्लाको तिनाउ गाउँपालिकाले बालमैत्री पालिका घोषणा गर्ने बाटोमा अगाडि बढेको छ । पालिकाले आगामी ३ बर्ष भित्र बालमैत्री गाउँपालिका घोषणा गर्ने गरी अगाडि बढेको हो ।

पालिकाले आगामी २०८३ साल भित्र यो अभियानलाई पुरा गर्न सरोकाला निकायहरुलाई एकै स्थानमा राखी कार्ययोजना बनाएर काम शुरु गरेको छ । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, ६ वटै वडाका वडा अध्यक्ष, सदस्यहरु, पालिकाका प्रमुख प्रशासकीय अधिकृत, तथा अधिकृतहरु, शिक्षा, स्वास्थ्य, खानेपानी, महिला तथा बालबालिका, पञ्जिकरण शाखा, गाउँपालिका भित्रका सबै विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, बाल क्लवहरुको सहभागितामा बसेको बैठकले २८ वटा कार्ययोजना निर्माण गरी पारित गरेको छ । स्थानीय बालमैत्री शासन लागु भएको गाउँपालिका घोषाणा गर्ने २८ बुँदे कार्ययोजना कार्यान्वयन गर्न गाउँपालिकाले अनुमानित १ करोड १२ लाख २० हजार रुपैयाँ खर्च हुने प्रस्ताव समेत पेश गरेको छ । स्थानीय बालमैत्री शासन लागु भएको पालिका घोषणाको लागि मुख्यगरी बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता, संस्थागत विकासका क्षेत्रमा मुख्य गरी ५१ वटा सूचकहरु पुरा हुनुपर्ने हुन्छ । गाउँपालिकाले ५ विषयबस्तुका ५१ वटा सुचकहरु पुरा गर्नको लागि २८ बुँदे कार्ययोजना बनाएर काम शुरु गर्न प्रस्ताव गरिएको प्रमुख प्रशासकीय अधिकृत लेखबहादुर बस्नेतले बताए । कार्ययोजना कार्यान्वयनको आगामी कार्यपालिकाको बैठकबाट पारित गरेर आउँदो कार्तिक महिनादेखि नै जनस्तरमा लागु हुने प्रमुख प्रशासकीय अधिकृत बस्नेतले बताए । छलफलमा प्रत्येक महिनाको कार्यायोजना र कार्ययोजनाको काम र बजेट समेत पेश गरिएको छ ।

बालमैत्री स्थानीय शासन घोषणाको लागि ३ वर्षको लागि १ जना पालिका स्तरीय र ६ जना वडास्तरीय सहजकर्ता परिचालन गरिने भएको छ । आगामी २०८३ सालभित्र गाउँपालिकालाई स्थानीय बालमैत्री शासन लागुभएको गाउँपालिका घोषणाको लागि २०८० साल असोज २१ गते बाट फिल्डस्तरमै काम शुरु भएको पालिका अध्यक्ष प्रेम श्रेष्ठले बताए । २८ वटै कार्ययोजना पुरा गर्न सरोकारवाला जिम्मेवार व्यक्तिलाई सपथ समेत खुवाइएको छ । गाउँपालिकाले स्थानीय बालमैत्री शासनका सरोकार निकाय, व्यक्ति तथा जनप्रतिनिधी, कर्मचारीहरुलाई एकै स्थानमा राखी आ-आफ्नो जिम्मेवारीको विषयमा अभिमुखी छलफल तथा अन्तर्क्रिया गरेकोले तोकिएकै समयमा घोषित कार्यक्रम गरिने पालिका उपाध्यक्ष लालबहादुर थापाले बताए । कार्यक्रममा बाल सहजकर्ता विष्णुप्रसाद चौवेले बालमैत्री शासन अवधारणा, कार्यान्वयन, कामको प्रकृति, अनुगमनको अवस्था, दिगोपन, घोषणाको अवस्था, फरक व्यक्ति फरक जिम्मेवारीको बारेमा जानकारी गराएका थिए । पाल्पाका १० पालिका मध्ये बगनासकाली र रम्भा गाउँपालिकाले स्थानीय बालमैत्री शासन लागु भएको गाउँपालिका घोषणा गरिसकेका छन् । कार्यक्रम स्वास्थ्य शाखाकी सिनियर अहेव रिता कुमारी थापाको सञ्चालनमा भएको थियो ।

# सडक छेउछाउका रूख काटिदै



**पाल्पा,** असोज २१/जिल्लाको रामपुर नगर सरकारले सडक सुरक्षाका लागि सडक दायाँ-बायाँ रहेका रुख, विरुवा कटानी-छटानी गर्न लागेको छ । नगर सरकारले नगर प्रमुख रमणबहादुर थापाको नेतृत्वमा शनिबारदेखि नगर भित्रका सडकको छेउ-छाउका रुख, विरुवा फडानी गर्ने अभियान सुरु गरेको हो ।

बेभाँड बजारदेखि किसानबारीसम्म र कालिगण्डकी करिडोर अन्तर्गत वडा नं. ५ को मटेरीदेखि वडा नं. ८ को तुरुन्दी खोला पुलसम्मको सडकका दायाँ-बायाँ रहेका रुख, विरुवा र बुट्यान फडानी गर्न लागिएको नगर सरकारले जनाएको छ । सडक सुरक्षा र दुर्घटना न्यूनीकरणका लागि सडक दायाँ-बायाँ रहेका रुख, विरुवा र बुट्यानहरु फडानी गर्न लागिएको नगर प्रमुख रमणबहादुर थापाले बताए । सडक छेउ-छाउमा रहेका रुख विरुवाले सवारी आवागमन छेकिने र दुर्घटना हुन सक्ने भन्दै यो अभियान थालिएको नगर प्रमुख थापाले बताए । उनले नगरपालिका भित्रका सडकको दायाँ-बायाँ रहेका रुख विरुवा तथा बुट्यानका कारण सडक दुर्घटना निम्त्याउन सक्ने हुँदा त्यस्ता रुख विरुवा सम्बन्धित व्यक्तिलाई कटानी गर्न अनुरोध समेत गरेका छन् । अगाडिको बाटो नै छेकिने गरी सडकको दायाँ-बायाँ रहेका रुख र बुट्यान सेना, प्रहरी, कर्मचारी र सरोकारवालाहरुको सहभागितामा फडानी गरिएको ५ का वडा अध्यक्ष दुर्गा प्रसाद पोखरेलले जानकारी दिए । यस्तै ७ का वडा अध्यक्ष दोवराज तिवारीले सडक सुरक्षा र चाडपर्वको समयमा हुने सवारी आवागमनलाई मध्यनजर गर्दै गरिएको कटानी छटानीले दुर्घटना न्यूनिकरणमा सघाउ पुग्ने विश्वास व्यक्त गरे । ईलाका प्रहरी कार्यालय रामपुर, सुरक्षा बेस क्याम्प रामपुर, जनप्रतिनिधि , कर्मचारी र अन्य सरोकारवालाहरुको सहभागितामा फडानी तथा सरसफाई गरिएको हो ।

# गुटबन्दी अन्त्यका लागि...

...प्रदेश सदस्य सन्दिप रानाले संगठनलाई सुढृद गरेर थप जिम्मेवार भएर अघि बढ्नुको विकल्प नभएको धारणा व्यक्त गरे । कार्यक्रममा गैरआवासिय नेपाली संघका सह-सचिव नारायण काफ्ले, काँग्रेसका जिल्ला उपसभापति ज्ञानबहादुर गाहा, काँग्रेस महासमिति सदस्यहरु रमणबहादुर थापा, देवराज ढकाल, नेपाली कांग्रेस क्षेत्र नं. १ का सभापति झमन राजमगर, क्षेत्र नं. २ का सभापति मुक्तिराम जिसी, महाधिवेशन प्रतिनिधि हजुर दिन मियाँ, नेपाल महिला संघ रामपुर नगर सभापति शारदा आचार्य, वडा ७ का वडा सभापति दुर्गाप्रसाद भट्टराई लगायतले पार्टी बलियो बनाउने दिशामा सबै एक ढिक्का भएर जानुपर्नेमा जोड दिए । कार्यक्रममा नगर सचिव ओमप्रकाश बस्यालले सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष मोहन भट्टराईले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । नगर सभापति नेत्रप्रसाद भट्टराईको अध्यक्षता, उपसभापति देवबहादुर थापा मश्राङ्गीको स्वागत, अर्का उपसभापति ज्ञानप्रसाद भण्डारीको धन्यवाद ज्ञापन, सचिव चिरञ्जीवि सिग्देलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# चीनले जित्यो २ सय १ कीर्तिमानी स्वर्ण

**काठमाडौं,** भदौ २१/आयोजक चीनले १९औं एसियाली खेलकुद (एसियाड)मा कीर्तिमान २ सय १ स्वर्ण जितेको छ । चीनले एकै संस्करणमा सर्वाधिक स्वर्ण जित्ने कीर्तिमान बनाएको हो । यसअघि सन् २०१० मा आफैंले आयोजना गरेको ग्वाङ्झाउ एसियाडमा १९९ स्वर्ण जितेको चीनले यस पटक त्यसमा सुधार गर्दै २०१ स्वर्ण जितेको हो ।

आइतबार करातेको दुई इभेन्ट सम्पन्न भएपछि चीनको हान्झाउमा जारी १९औं एसियाडको सबै खेलको स्पर्धा सकिएको छ । जसमा चीनले सर्वाधिक २०१ स्वर्ण १११ रजत र ७१ कांस्यहसित ३८३ पदक जितेर शीर्ष स्थानमा रह्यो । चीनले अन्तिम दिन आइतबार आर्टिस्टिम स्विमिङमा स्वर्ण जित्दै कुल २०१ स्वर्ण जितेको हो । यस्तै जापान ५२ स्वर्ण ६७ रजत ६९ कांस्यसहित १८८ पदक जितेर दोस्रोमा रह्यो भने दक्षिण कोरिया ४२ स्वर्ण ५९ रजत र ८९ कांस्यसहित १९० पदक जितेर तेस्रोमा रह्यो । यस्तै भारतले इतिहासकै सर्वाधिक २८ स्वर्ण जित्यो । ३८ रजत ४१ कांस्यसहित १०७ पदक जितेर भारत चौथोमा रह्यो । एक रजत र एक कांस्य जितेको नेपाल २ पदकसहित संयुक्त रुपमा ३३औं स्थानमा रह्यो । २०१८ मा इन्डोनेसियामा भएको १८औं एसियाडमा पनि नेपाल ३३औं स्थानमा थियो । यस पटक एसियाको ४५ राष्ट्र सहभागी भएकोमा ४१ राष्ट्रले पदक जितेका थिए । साउथ एसियन राष्ट्र भुटान र माल्दिभ्स, यमन र टिमोर लिस्टेले भने कुनै पदक जित्न सकेन ।

# जाग्दै...

...त्यस्तै, इमेल रफ्याक्सबाट जस्ताको तस्तै चिठी पठाउन र पाउन सकिन्छ । समाजिक सञ्चालबाट भिडियो सहित कुराकानी गर्न सकिन्छ । व्यक्तिगत चिठी पत्रको काम घट्दो भएपनि कार्यालयका चिठी पत्र र पार्सलको काम भने निरन्तर नै चलिरहेको छ । पाल्पामा १३ इलाका हुलाक, ५२ वटा अतिरिक्त र एक जिल्ला हुलाक रहेका छन् । यहाँ चिठी बाँड्ने हल्कारा १२ र एउटाबाट अर्को हुलाकमा चिठीको थैली पुऱ्याउने हुलाकी १७ जना छन् । हल्काराको ३९ जनाको दरबन्दी रहे पनि १२ जना मात्र कार्यरत रहेका छन् । सूचनाको हकसम्बन्धी पत्रको दर्ता, कार्यालयले सूचनाको हक पालन गरे/नगरेको अनुगमन, प्रेस पास एवं सञ्चार संस्थाको नवीकरणको दायित्व पनि हुलाकलाई थपिएको छ । इमेल इन्टरनेट र मोबाइल सेवाको कारण हुलाकमार्फत चिठीपत्र पठाउने चलन घटेपनि सरसामान पठाउने क्रम भने कायमै छ । नेपाल सरकारले हुलाक सेवालाई समयानुसार परिस्कृत गर्न नसक्दा हुलाकबाट प्रदान गरिने सेवा थप चुनौतिपूर्ण बन्दै गएको छ । हुलाक दिवसको अवसरमा सरकारले नेपालको हुलाक सेवालाई चुनौतिको रुपमा नलिई समय सापेक्ष परिवर्तन गर्न सक्नु पर्दछ ।

## कर्पोरेट/अर्थ समाचार

# यामाहा एफजी एफआई भीथ्री नेपाली बजारमा



**पाल्पा,** असोज २१/यामाहा एफजी एफआई भीथ्री नेपाली बजारमा आएको छ । नेपालमा यामाहा मोटरसाइकल र स्कुटरको एकमात्र वितरक एमएडब्लु इन्टरप्राइजेजले मात्र तीन लाख ७९ हजार रुपैयाँ उपलब्ध गराउने भएको हो ।

यो मोटरसाइकल यामाहा प्लेटफर्ममा निर्बाध रूपमा तीनवटा मुख्य विशेषता प्रदर्शन गर्दै जोडिएको छ । यसमा ट्राइड, टेस्टेड र ट्रस्टेड एफआई इन्जिन, नवीनतम डबल डिस्क र उन्नत बीएस६ इन्जिन टेक्नोलोजी रहेको कम्पनीको भनाइ छ । एफजेड एफआई भीथ्री स्ट्यान्डर्ड यामाहाको उत्कृष्ट रेसिङ सम्पदाबाट प्रेरित आफ्नो आकर्षक स्पोर्टी डिजाइनमा रहेको छ । एक बलियो १४९ सिसि एयर-कूल्ड फोर-स्ट्रोक सिंगल-सिलिन्डर ब्लूकोर इञ्जिनद्वारा सञ्चालित र सावधानीपूर्वक परिष्कृत यसले असाधारण मध्यम रेन्जको पावर र उल्लेखनीय रूपमा मुलायम प्रवेग उत्पन्न गराउँछ । यो इन्धन इन्जेक्टेड इन्जिन शक्तिशाली मात्र नभई अति प्रभावकारी पनि छ, जसले औसत ४५-५० किमी प्रति लिटरको माइलेज प्रदान गर्दछ ।

एमएडब्लू टू ह्वीलर्स डिभिजनका सीईओ राजु क्षेत्रीले यसको सुरुवातको बारेमा आफ्नो उत्साह व्यक्त गर्दै भने, 'यामाहा एफजेड एफआई भीथ्री स्ट्यान्डर्डले यामाहाको स्पोर्टिनेस, स्टाइलिस र एक्साइटमेन्टका विशेषताले सुसज्जित मोटरसाइकलहरू किफायती मूल्यमा ग्राहकसामू ल्याउने हाम्रो अटल प्रतिबद्धतालाई पुष्टि गर्दछ ।'


## पशु चौपायालाई लम्पी स्किन रोगबाट बचाऔं ।

**लम्पी स्किन रोगका लक्षणहरु :**

- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने ।
- दानापानी कम खाने र दूध उत्पादन घट्ने ।
- छालामा गिर्खा/गाँठाहरु देखिने, केही समय पछि हराउने वा फुट्ने र किरा औंसा पर्नसक्ने ।
- नाक,मुख, कल्चौडा र थुनमा घाऊ हुने ।
- आँसु, र्‍याल, सिंगान आउने चिप्रा कचेरा लाग्ने। खुट्टा जोर्नि सुनिने ।
- गोबर तथा पिसाबमा आलो रगत देखिन सक्ने।

**यस्ता लक्षण देखिएमा,**

- रोगी पशुलाई अलग्गै राखौं ।
- रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो, सख्खर पानी लगायत झोलिलो पदार्थ र नरम घाँस खुवाऔं ।
- ज्वरो आएको पशुलाई आराम गराऔं ।
- नजिकको पशुचिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई